मोलम ८, नं. २
जुन १९८१

# कीर्तिवम मल्ल र उनका अप्रकाशित अभिलेख

टेकबहादुर श्रेष्ठ[१]

गण्डकी प्रदेशका चौबीसी राज्यमध्ये पर्वत राज्य निकै शक्तिशाली रहेको थियो । कीर्तिविम मल्ल पर्वत राज्यका प्रतापशाली राजा थिए । यिनी पर्वतका प्रसिद्ध राजा मलेवम मल्लका नाति तथा प्रियव्रत मल्लका (जो पछि शाहवम मल्लको नामले प्रख्यात रहे) पुत्र थिए । यिनी पर्वतका चौधौं तथा अन्तिम राजा थिए । यिनले पर्वत राज्यका सांग्रामिक दृष्टिले महत्त्वपूर्ण दुर्गहरूमा उमरा आदि सैनिक अधिकारीको व्यवस्था गरी पर्वत राज्यलाई सुरक्षित पार्न निकै प्रयास गरेका थिए ।

कीर्तिविम मल्लको शासनकाल वि.सं. १८१५ देखि प्रारम्भ भएको[१] भनिए तापनि अहिलेसम्म प्राप्त ऐतिहासिक सामग्रीको आधारमा यिनको राज्यकाल वि.सं. १८१९[२] देखि १८४३ सम्म भएको देखिन्छ । करीव २४ वर्षको शासनकालको अधिकांश समय आक्रमण तथा प्रत्याक्रमण गर्नामा यिनले बिताएका थिए । तात्कालिक नेपालको इतिहास बुझ्न यी कीर्तिविम मल्लका गतिविधिमाथि पनि दृष्टि नदिई हुँदैन । यस कारण प्राप्त सामग्रीको आधारमा कीर्तिविम मल्ल र तात्कालिक राजनैतिक, आर्थिक सामाजिक पक्षमा केही प्रकाश पार्ने चेष्टा यहाँ गरिएको छ ।

## राजनैतिक पक्ष

कीर्तिविम मल्ल जुन समयमा पर्वत राज्यको राजगद्दीमा आसीन रहे; सो समयमा गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाह उपत्यकाका मल्ल राज्यहरू विरुद्ध आर्थिक नाकावन्दी गर्ने सिलसिलामा मकवानपुर विजय, मीरकासिम पराजय जस्ता उल्लेखनीय सफलता प्राप्त गरी आर्थिक तथा सैनिक दृष्टिले मजवूत हुन पुगेका थिए । केही समयभित्र नै एकीकरण सफल पार्ने यस अभियानमा गोरखाले चौबीसी राज्य कज्याउन बाईसी राज्यमध्यका जाजरकोट, सल्यान आदिसँग मित्रता गाँसी सकेको थियो । चौबीसी राज्यलाई पश्चिमबाट पनि हान्ने योजनामा उनलाई केही सफलता मिलेको थियो । वि.सं. १८२६ सम्ममा उपत्यकाका तीन राज्य र वरपरका प्रदेशमाथि आधिपत्य जमाएपछि श्री ५ पृथ्वीनारायण शाहले आफूलाई समर्थ ठानी पश्चिमका चौबीसी राज्यमाथि दृष्टि लगाएका थिए ।

उता गण्डकी प्रदेशका यी चौबीसी राज्यहरू संख्यामा बढी भए पनि स-साना थिए । यिनीहरू परस्परमा लडाईं-भिडाईं गरिरहन्थे तापनि आवश्यकता परेको समयमा यिनीहरू संगठित पनि हुन्थे । त्यसताकाको गुहारयुगे राजनीतिअनुसार[३] एक राज्यले अर्को राज्यको

---

१. यस ने.ए.अ. केन्द्रका उप-प्राध्यापक हुनुहुन्छ ।

विरुद्ध अर्कोलाई गुहार दिने चलन थियो । चौबीसी राजाहरूमा टाढासम्म हेर्ने क्षमताको कमी थियो । यिनै कुराहरूले गर्दा चौबीसी राज्यलाई श्री ५ पृथ्वीनारायण शाहद्वारा हात्ती हउवा [४] शब्दले व्यंग्य गरेको पाइन्छ । अर्को कुरा `... तनहुँ पालपा पिउठाना कास्की इ राजाहेरू मुष्ाका वाठा पेटका अति चतुरा तरवारका अति काफर` भनिएको पाइन्छ[५] । तर पर्वत राज्यको यो अवस्था थिएन । शाहवम मल्लको पालादेखि नै पर्वत गोरखा विरुद्धको युद्धमा सक्रिय रहेका[६] र कीर्तिवम मल्लले त झन गोरखासंग टक्कर लिँदै आएकोले पर्वत चौबीसी राज्यमध्ये एक शक्तिशाली राज्यको रूपमा रही केही राज्यको नेतृत्व गर्दै आएको थियो ।

## सतहुँको युद्ध

कीर्तिवम मल्लले नेतृत्व गरेको फौजले पश्चिम विजय गर्न गएको गोरखाली फौजलाई वि.सं. १८२८ मा सतहुँको युद्धमा नराम्रोसंग पराजित गरेको थियो[७] । गोरखाली फौज पश्चिमका स-साना राज्यलाई कज्याउँदै सतहुँमा पर्ने डहरेको लेकमा हटेर बसेको थियो । यसै मौकामा पर्वत र सतहुँको संयुक्त फौजले गोरखाली फौजमाथि आक्रमण ग-यो । घमासान युद्ध भयो । काजी केहरसिंह वस्नेत मारिए; काजी वंशराज पाण्डेलाई कैद गरी पर्वत पु-याइयो । यसरी गोरखाली पक्षको निकै क्षति भयो ।

यस विजयमा देवनाथ पण्डितको पनि महत्वपूर्ण भूमिका रहेको थियो भन्ने वुझिन्छ । यस संक्रमणाकालमा पर्वत र सतहुँका राजा बीच सन्धि गराउनामा यिनको हात रहेको थियो । यस कामका लागि पुरस्कार स्वरूप यिनले पर्वत र सतहुँका राजाबाट विर्ता पाएका थिए भन्ने कुरा वि.सं. १९११ को एक पत्रवाट[८] बुझिन्छ ।

सतहुँको विजयले चौवीसी राज्यमा हौसला बढेको थियो भने गोरखालीहरूमा केही निराशा छाएको थियो । सतहुँको पराजय पछि लगत्तै पर्वत राज्यको रहस्य पत्ता लाउने प्रयासमा श्री ५ पृथ्वीनारायण शाह लागे[९] । पश्चिमतर्फको अभियानलाई केही समयका लागि त्यागी यिनी पूर्वतिर्फ लागेका थिए ।

## जुम्लासंग सम्बन्ध

कीर्तिवम मल्लले श्री ५ पृथ्वीनारायण शाहको जुम्लालाई हात लिई पर्वत माथि हान्न लगाउने प्रयास असफल पारेका थिए । यिनका वाजे मलेवम मल्लले डोटी राज्यलाई उठाई मुस्ताङ०का केही प्रदेशवाट जुम्लालाई धपाई त्यस प्रदेशमा आफ्नो प्रभाव फैलाउन सफल भएका थिए[१०] । यसरी मलेवमताका नै पर्वतको जुम्लासंग राम्रो सम्बन्ध थिएन । श्री ५ पृथ्वीनारायण शाहले पश्चिम विजय गर्ने अभियानलाई सफल पार्न जुम्ला, जाजरकोट, सल्यान, प्यूठान आदि राज्यलाई कोसेली आदि पठाई हात लिने नीति लिएका थिए[११] ।

यिनले पर्वतलाई पनि आफ्नो पक्षमा ल्याउन यो नीति अङ्गालेका थिए[१२]। तर यिनी असफल रहे । यस कार्यमा सफलता नमिले पछि पूर्व र पश्चिमवाट हानी पर्वतलाई चेपुवामा पार्ने दाउमा श्री ५ पृथ्वीनारायण शाह थिए । यस काममा जुम्लाको सहयोग लिनु आवश्यक थियो । जुम्लालाई पर्वतसंग वदला लिन यो राम्रो मौका पनि थियो तर कीर्तिवमले एक जना काजीलाई लेखेको पत्रमा[१३] `उप्रीवाट जुम्ला पनि आयो महाकाज गर्न्या जुम्लालाई मान्याको जिमी जुम्लैको हात चह्राउ` भन्ने व्यहोरा परेको छ । अर्को पत्रमा[१४] `... जुम्लासित वन्दोवस्त भएछ, वनेछ....` आदि कुराको उल्लेख परेकोले कीर्तिवम मल्लले हडपेको प्रदेश जुम्लालाई फिर्ता दिई सन्धि गरेको कुरा स्पष्ट हुन्छ । यसरी कीर्तिवम मल्लले श्री ५ पृथ्वीनारायण शाहको योजना असफल पारेका थिए । यस घटनाबाट यिनी कूटनीतिज्ञ पनि थिए भन्ने देखिन्छ ।

## लमजुङ०लाई सहयोग

राजा कीर्तिवम मल्लले गोरखाको विरुद्ध सैनिक शक्ति बढाउँदै थिए । यता श्री ५ पृथ्वीनारायण शाहको मृत्युपछि प्रतापसिंह शाह राजा भए । यिनी त्यति विजिगीषु प्रकृतिका थिएनन् । तसर्थ यिनी कीर्तिवम आदि चौवीसी राज्यका राजाहरूसंग सन्धि गर्ने पक्षमा थिए[१५]। यिनको मृत्युपश्चात् राजमाता राजेन्द्र लक्ष्मी तथा राजकुमार वहादुर शाहको वीच नायवीका लागि घात-प्रतिघात चल्यो । यस अवसरमा चौवीसी राज्य फायदा लिने प्रयासमा थिए ।

वि.सं. १८३८ मा सिह्रानचोकमा पर्वत लम्जुङ० राज्यको संयुक्त फौज र गोरखाली फौज वीच लडाईं भयो । यस युद्धमा पर्वत लमजुङ०को ठूलो हार भयो । उक्त युद्धमा हारी फर्केका पर्वतका राजाले कास्कीमाथि आक्रमण गरी कास्कीका राजा सिद्धिनारायण शाह र उनका पुत्रलाई गोरखामा शरण लिन बाध्य तुल्याएका थिए[१६]।

वि.सं. १८३६ मा लम्जुङ०माथि गोरखाको आक्रमण हुंदा कीर्तिवम मल्लले लम्जुङ०लाई सक्रिय सहयोग गरेका थिए । मलेवम मल्लका पालादेखि नै लमजुङ०संग राम्रो सम्बन्ध रहेको थियो । पर्वतले लमजुङ०को चिर शत्रु गोरखालाई पश्चिमतर्फ बढ्न नदिन लमजुङ०लाई सैनिक सहयोग गर्दै आएको थियो । सिह्रानचोकको लडाईंपछि ताकुंघाटको युद्धमा पर्वतको ठूलो क्षति भयो । लमजुङ०को स्वतन्त्र अस्तित्व मेटियो ।

## कम्पनी सरकारसंग सहयोगको माग

चौवीसी राज्यमध्येका शक्तिशाली कहलिएका लमजुङ० नेपाल अधिराज्यमा गाभिएपछि चौवीसी राज्यको शक्ति क्षीण हुंदै गए पनि कीर्तिवम मल्ल हतोत्साही भएका थिएनन् । पश्चिमका वाइसी राज्यबाट सहयोग पाउने आश थिएन । यसर्थ पाल्पाका तात्कालिक राजा महादत्त सेनसंग मिली कम्पनी सरकारसंग सहयोग माग्ने चेष्टा गर्न थाले । लमजुङ० नेपाल

अधिराज्यमा गाभिएको तीन महीनापछि नै पर्वत र पाल्पाका वकीलहरू यस कामका लागि पठाइएका थिए[१७]। यता पर्वत र पाल्पा यस काममा सफल भएमा गोरखालाई पश्चिमतर्फ बढ्न कठिन हुने हुँदा यस कदमलाई असफल तुल्याउन गोरखाले प्रयास गरिरहेको थियो[१८]। कम्पनी सरकारको सहयोग प्राप्त भयो वा भएन भन्ने कुरा स्पष्ट हुन सकेको छैन । तर यस काममा पर्वत, पाल्पा सफल नभएको बुझिन्छ ।

## पर्वतमा भक्तपुरका राजकुमारलाई शरण

कीर्तिवम मल्लले भक्तपुरका राजा रणजित् मल्लका छोरा अवधूतसिंहलाई वि.सं. १८४० मा पर्वतमा शरण दिएका थिए । अवधूतसिंह रणजित् मल्लका भित्रिनीपट्टिका छोरा थिए । श्री ५ पृथ्वीनारायण शाहले भक्तपुर विजय गरेपछि रणजित् मल्लाई उनको इच्छानुसार काशीवास गर्न जाने अनुमति दिएका थिए । रणजित् मल्लको मागअनुसार उनका साथ अवधूतसिंहलाई पनि जाने अनुमति दिइयो । अवधूतसिंह कान्छा छोरा भएकाले रणजित् मल्लले यिनैलाई आफ्नो उत्तराधिकारी बनाएर भक्तपुरका राजा बनाउने उद्देश्य लिएका थिए भनिन्छ[१९]। यस प्रयोजनका लागि अवधूतसिंहले चौंदण्डीका राजा कर्णसेनसंग मिली श्री ५ पृथ्वीनारायण शाह विरुद्ध षड्यन्त्र रचेका थिए । तर यो षड्यन्त्र असफल रह्यो । फलस्वरूप यस काण्डमा संलग्न केही व्यक्तिहरू मारिए[२०]। अवधूतसिंह वेपत्ता भएको हुँदा उनको श्रीसम्पत्ति वि.सं. १८२७ मा जफत भयो[२१]।

उपरोक्त काण्डपछि अवधूतसिंहले के कस्तो रूप लिए भन्ने कुरा अस्पष्ट थियो । पर्वत राज्यको ऐतिहासिक सामग्री संकलन गर्ने सिलसिलामा कीर्तिवम मल्लले अवधूतसिंहको नाममा गरिदिएको ताम्रपत्र[२२] प्राप्त भएको छ । यसबाट अवधूतसिंहबारे केही प्रकाश पर्दछ । श्री ५ पृथ्वीनारायण शाह विरुद्धको षड्यन्त्रपछि र पर्वतमा शरण लिनु अघिको करीब १३ वर्ष जतिको अवधिमा यिनको भूमिका रहस्यमय नै छ । तर उपर्युक्त ताम्रपत्रानुसार वागलुङ० वजारसँग उत्तरमा पर्ने उपल्लाचौरमा कीर्तिवम मल्लले अवधूतसिंहलाई विर्ता दिएका थिए भन्ने थाहा पाइन्छ । यिनले निकासी कर माफी पनि पाएका थिए । पर्वत राज्य नेपाल अधिराज्यमा गाभिए पछि वि.सं. १८६६ सम्म पनि सो जग्गा सम्बन्धी सुविधा उनले उपभोग गरिरहेको देखिन्छ[२३]। यसवाट यिनी लामो समयसम्म जीवित रहेको देखिन्छ । यी कुराहरूबाट श्री ५ पृथ्वीनारायण शाहद्वारा शुरू गरिएको एकीकरण अभियान विरूद्ध गरिने कुनै पनि कार्यवाहीमा यिनले कीर्तिवम मल्ललाई साथ दिएका थिए भन्ने कुरामा शंका रहँदैन ।

## पर्वतको अन्त्य

लमजुङ० र तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिए तापनि कीर्तिवम मल्ल हतोत्साही भएका थिएनन् । एक पल्ट फेरि लमजुङ० फिर्ता गर्ने उद्देश्यले यिनले वि.सं. १८४१ मा मर्के डांडामा गोरखा विरूद्ध घमासान युद्ध गरे । यस युद्धमा पनि पर्वतको निकै क्षति भयो । सैन्य शक्ति क्षीण हुँदै गयो ।

वि.सं. १८४२ सम्ममा कालीगण्डकी पूर्वको प्रदेश गोरखा अधिराज्यमा गाभिइसकेको थियो[२४]। शक्तिशाली पाल्पाले पनि गोरखाको पक्ष लिएको हुँदा कीर्तिवम मल्ल अब एक्लो भए। अर्को कुरो राज्यभित्र पनि केही भारादारहरू कीर्तिवम मल्लदेखि असन्तुष्ट थिए। मौका मिले कीर्तिवमलाई अपदस्थ गरी उनका छोरा नरसिंह मल्ललाई राजगद्दीमा आसीन गराउने सुरमा ती असुन्तुष्ट भारादार थिए[२५]। केही त गोरखाली पक्षमा मिल्न समेत गएका थिए[२६]। केही प्रभावशाली व्यक्तिलाई प्रलोभन देखाई गोरखाली राजाले आफ्नो पक्षमा मिलाई सकेको थियो[२७]।

यता गोरखाली फौजले वि.सं. १८४३ आश्विन ४ गते दक्षिण र पूर्वबाट पर्वतमाथि आक्रमण गरे। कीर्तिवम मल्लले केही दिनसम्म त प्रतिरक्षात्मक युद्ध बहादुरीकासाथ लडे। तर आश्विन १४ गते पर्वतको राजधानी बेणी दखल भयो[२८]। यिनी राज्य छोडी नवाव वजीरको राज्य वलीरामपुरमा शरण लिन पुगे; जहाँ उनको मृत्यु भयो[२९]। यसरी पर्वत राज्य एकीकृत नेपाल अधिराज्यमा विलीन भयो।

## शासन व्यवस्था

पर्वतको कीर्तिवम मल्लताकाको राजनैतिक पक्षको एक फलक माथि प्रस्तुत गरियो। अब प्राप्त सामग्रीको आधारमा तात्कालिक प्रशासन-व्यवस्थाको फलक प्रस्तुत गरिन्छ।

## राजधानी

राजदरवार प्रशासनिक दृष्टिले केन्द्र रूपको हुने हुँदा प्रत्येक राज्यमा यसको अस्तित्व रहेको पाइन्छ। यस्ता दरवारको निर्माण गर्दा सुरक्षालाई प्राथमिकता दिइन्थ्यो। सामरिक दृष्टिले महत्वपूर्ण स्थलमा दरवारको निर्माण गरिन्थ्यो। नेपाल उपत्यकादेखि पश्चिमी प्रदेशको प्रशासनिक इतिहासको अध्ययन गरेमा अभिलेख, लालमोहर सनदसवालहरू विभिन्न दरवारवाट जारी गरिएका पाइन्छन्[३०]। त्यसताका प्राय: ग्रीष्मकालिक र शीतकालिक दरवारको निर्माण गरी तत् तत् स्थानबाट शासन चलेको हुन्थ्यो। पर्वत राज्यको शुरू शुरूमा ताकममा केन्द्र रहेको थियो। पछि ढोरालक्षाना र वेणीले ग्रीष्मकालिक र शीतकालिक दरवारको रूप लिएका थिए भन्ने कुरा विभिन्न ऐतिहासिक सामग्रीहरूवाट थाहा पाइन्छ[३१]। म्याग्दी र कालीगण्डकी नदीको संगमस्थल वेणीमा दरवारको निर्माण भएपछि वेणी राजधानी कहलिएको थियो।

## राजा

राज्यमा राजा प्रशासनको दृष्टिले सर्वोपरि थिए। राजा कीर्तिवम मल्लका लामा लामा प्रशस्ति पाईदैनन्। 'श्रीमहाराजाधिराज' मात्र भनिएको पाइन्छ। प्रशस्तिमा कहीं 'श्री ३'[३२], श्री ५'[३३] छन् त कहीं 'श्री ६'[३४] लेखिएको पनि पाइन्छ। कहीं श्रीमहाराजाधिराज नभनी 'श्रीमहाराजा' मात्र भनिएको पनि पाइन्छ। राजा युद्ध संचालन गर्न वा अरु कुनै काम विशेषले एक स्थानबाट अर्को स्थानमा दौडाहा गर्दथे। उक्त कुरा विभिन्न

स्थानलाई मुकाम बनाई जारी गरिएका अभिलेखबाट थाहा पाइन्छ[३५]।

## काजी

काजी भनेका मंत्री हुन् । राजालाई शासन चलाउनाका लागि चौतारा र मंत्रीहरूको मंत्रि-परिषद् रहन्थ्यो । पर्वत राज्यमा काजी पद रहेको कुरा विभिन्न अभिलेखमा[३६] साक्षीका रूपमा 'काजी' को उल्लेख पाइएबाट थाहा हुन्छ । यो पद राजपरिवारमा मात्र सीमित रहेको देखिन्छ । ताम्रपत्रमा[३७] छ जनासम्म काजीको नामोल्लेख भएको पाइन्छ । तर जेठा काजी[३८] भनी उल्लेख परेकोले काजीको पनि विभिन्न तह थियो भन्ने थाहा हुन्छ । चौबीसी राज्यमध्येका पाल्पा लमजुङ आदि राज्यको प्रशासनिक अङ्गमा चौतारा रहेको पाइन्छ । पर्वतका छिमेकी राज्य गलकोटमा पनि चौतारा पद रहेको थियो तर पर्वतमा यो पद रहेको थियो वा थिएन भन्ने कुरो थाहा हुन सकेको छैन ।

## ठाकुर

पर्वतका मल्ल राजाहरूले जारी गरेका ताम्रपत्राभिलेखहरूमा काजी पछि ठाकुरलाई स्थान दिइएको छ । यी अभिलेखहरूमा[३९] 'खोलाका ठाकुर' भनिएको छ । कीर्तिबम मल्लले काजीलाई लेखेको पत्रमा[४०] उप्रान्त हामी कुश्मा जान्छौं पाल्पा प्रभृति आंधि खोलाका राजालाई चलाउन गयाका छन्..... को उल्लेख परेको छ । यसबाट आंधीखोलामा राजा रहेको कुरामा शंका छैन । तर यी राजा कीर्तिबम मल्लका अभिलेखमा साक्षीका रूपमा देखिएका ठाकुर नै हुन् वा अरू नै हुन् भन्ने कुरा निश्चित रूपमा भन्न सकिएको छैन । काजी पदमा रहेका व्यक्तिलाई पछि ठाकुर पनि बनाइएको छ । राजपरिवारमा सीमित भएको यो पदको पजनी हुन्थ्यो भन्ने देखिएको छ ।

## सरदार

देश रक्षाको दृष्टिले सरदारको महत्वपूर्ण स्थान रहेको थियो । सरदारलाई मुख्य गरी सैनिक गतिविधिको जिम्मेवारी सुम्पिइन्थ्यो । शक्तिवल्लभले जयरत्नाकर नाटकमा[४१] सरदार-लाई सेनापति भनेका छन् । पर्वतमा सरदारको[४२] रक्षा बाहेक अरू के काम हुन्थ्यो भन्ने कुरा थाहा हुन सकेको छैन । तर पाल्पाका राजा मुकुन्द सेन द्वितीयताका पाल्पामा सरदार सैनिक गतिविधिमा मात्र सीमित नभई आर्थिक तथा प्रशासनिक क्षेत्रमा पनि संलग्न रहेका थिए भन्ने देखिएको छ ।

## कपर्दार

राजाका लुगा - गहना र भान्साको रेखदेख गर्ने काम कपर्दारको हुन्थ्यो । पर्वत राज्य-का कपर्दारको काम पनि यही थियो भन्ने बुझिन्छ । कपर्दार तात्कालिक अभिलेखहरूमा[४३] साक्षीका रूपमा देखापरेका छन् ।

छापदार

कीर्तिवम मल्लका ताम्रपत्रहरूमा[४४] साक्षी वस्ने अधिकारीहरूको सिलसिलामा `छापदार` को पनि उल्लेख आएको छ । `छापदार` पदको उल्लेख नेपालको मध्यकालको प्रशासनिक इतिहासको क्रममा अन्त भएको पाइन्दैन । वि.सं. १६१० को एक पत्रमा छापदारको उल्लेख परेको छ तापनि यसको कामवारे त्यतावाट प्रकाश पर्दैन । तर छापदारको काम माना पाथी आदि वस्तुमा छाप लगाउनु हुन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ ।

चोपदार

`चोपदार`[४५] पद प्रशासनिक इतिहासमा नौलो देखापर्छ । एउटा कोषमा[४६] चोपदारको अर्थ हतियार लिई अगाडि हिड्ने व्यक्ति अर्थात प्रतिहारी भनी दिइएको छ । कुमाउँतिर चोपदारलाई भाला चलाउने व्यक्ति (Javelin-man) भनिएको पाइन्छ[४७] । यसवाट चोपदारको काम सुरक्षा गर्नु हुन्थ्यो भन्ने देखिन्छ ।

खजाँची

खजाँची पद आर्थिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ। टकसारीले छापी सकेका मुद्रा आदि खजाँचीको जिम्मामा रहन्थ्यो । राजस्वमा आएका रकम खर्च गर्ने अधिकार खजाँचीलाई हुन्थ्यो । पर्वतका राजाले गरिदिएका अभिलेखहरूमा[४८] विभिन्न समयमा विभिन्न व्यक्ति खजाँची पदमा रही साक्षी वसेको देखिएकोले यस पदको पजनी हुन्थ्यो भन्ने देखिन्छ ।

उमरा

मध्यकालको उत्तरार्द्धमा गण्डकी प्रदेशमा चौवीसी राज्यको उदय भएको थियो । यी स-साना राज्यहरू परस्परमा लडाई-भिडाई गरिरहन्थे । राज्यको सुरक्षार्थ आवश्यक थुम थुममा उमरा नियुक्त गरिन्थे भन्ने कुरो तात्कालिक ऐतिहासिक सामग्रीवाट स्पष्ट हुन्छ ।

उमरालाई भूमि सम्बन्धी अधिकार पनि दिइएको थियो । कीर्तिवम मल्लको एउटा पत्रमा[४९] उमराले गुरूलाई विर्ता दिई साँधलाई दिएको व्यहोरा परेको छ । दोलखामा उमराको भूमि व्यवस्थासँग पनि घनिष्ठ सम्बन्ध रहेको पाइएको छ[५०]। जग्गाको नापी हुँदा उमराको रेखदेखमा हुन्थ्यो; राजाद्वारा प्रदत्त जग्गाको चार किल्ला छुट्याई दिने काम उमराले गरेको र भूमि कर उठाउने काम समेत गरेको देखिएको छ । कीर्तिवम मल्लद्वारा जारी गरिएको अभिलेखहरूमा[५१] उमरा साक्षीका रूपमा देखापरेका छन् ।

द्वारे

प्राचीनकालमा झैं मध्यकालको प्रशासनिक क्षेत्रमा पनि द्वारेको निकै महत्त्व रहेको पाइन्छ । प्रादेशिक एकाइमा प्रशासकका रूपमा द्वारेको नियुक्ति हुन्थ्यो । यसबाट पर्वत

राज्यको प्रशासनिक यन्त्र संचालनमा सहयोग मिलेको थियो । तात्कालिक अभिलेखहरूमा[५२] द्वारे साक्षीका रूपमा देखापरेका छन् ।

मण्डारे

राज ढुकुटीको रेखदेख गर्ने जिम्मा मण्डारेलाई सुम्पिइने हुँदा मण्डारेको महत्वपूर्ण स्थान रहेको कुरा स्पष्ट हुन्छ । लिच्छविकालमा `माण्डनायक`[५३] भनिन्थ्यो भने मध्यकालमा पश्चिम कर्णाली प्रदेशको इतिहासमा भण्डारीलाई `माण्डागारिक`[५४] भनिन्थ्यो । पर्वतमा `मण्डाऱ्या` भनिएको छ । तात्कालिक अभिलेखहरूमा[५५] मण्डारे साक्षीको रूपमा देखापरेको छ ।

विचारी

विचारीले तात्कालिक न्याय प्रशासनमा न्यायाधीशको काम गर्दथ्यो । विचारीलाई मुद्दा छिन्ने अधिकार हुन्थ्यो । पर्वत राज्यका विभिन्न प्रादेशिक एकाइमा विचारी नियुक्त हुन्थे भन्ने बुझिन्छ । एउटा पत्रमा[५६] विचारी आदि भई गुरुलाई विर्ता साँध लगाई दिएको कुरो परेको छ । यसबाट विचारीलाई भूमि सम्बन्धी अधिकार पनि दिइएको थियो भन्ने थाहा हुन्छ । कीर्तिबम मल्लले गरिदिएको अभिलेखमा[५७] विचारी साक्षी बसेका छन् ।

सुवेदार

सुवेदार सैनिक अधिकारीको पद हो । सर्दार तथा उमराको मातहतमा रही सुवेदारले काम गर्नु पर्दथ्यो । पर्वतका तात्कालिक अभिलेखमा[५८] सुवेदार साक्षीको रूपमा रहेको छ ।

दानी

`दानी` पद नेपालको प्रशासनिक इतिहासमा नौलो देखा परेको छ । तात्कालिक अभिलेखहरूबाट[५९] दानी पदमा रणयुद्ध रहेका थिए भन्ने देखिन्छ । दानीको कामबारेमा स्पष्ट हुँदैन ।

देशाली

पर्वतको ऐतिहासिक सामग्रीमा `दिशाली` देशाली[६०] शब्दको प्रयोग भएको पाइन्छ । यो पद प्रशासनिक दृष्टिले महत्वपूर्ण रहेको थियो । देश र आली शब्द मिली देशाली बनेको छ । यसबाट निश्चित प्रदेश विशेषका व्यक्तिलाई देशाली भनिएको बुझिन्छ । दोलखामा देशाली नै `देसवार` कहलाएको थियो । अपराधीलाई दण्ड गर्ने अधिकार देशालीलाई हुन्थ्यो । देवीस्थान तथा गुम्बाका झुमा, बैरागी लामाको व्यवस्था बाँधिएको एउटा अभिलेखमा[६१] दिशाली बुढा भई दण्ड गर्नु भन्ने व्यहोरा परेको छ । यसबाट दिशालीको अधिकारबारे केही स्पष्ट हुन्छ । देशालीलाई आर्थिक आम्दानीको व्यवस्था पनि गरिएको थियो[६२] ।

## पंचायत

पर्वत राज्यको प्रशासनिक इतिहासमा पञ्चको पनि महत्वपूर्ण स्थान रहेको थियो । लिच्छविकालदेखि सक्रिय रहेको यो पञ्चायत प्रथा मध्यकाल र आधुनिककालसम्म पनि कायम रहेको पाइन्छ[६३] ।


पर्वतका राजा कीर्तिवम मल्लले गरिदिएको एउटा अभिलेखमा[६४] 'सात्सय पांच' को उल्लेख परेको छ । प्रत्येक धुरी एक पञ्चका हिसावले गणना गरिने हुंदा थाक सात शयका पञ्चहरू यही अनुरूप भएको वुझिन्छ । यहां सात शय धुरीलाई 'सात शय पांच'को संज्ञा दिइएको हो । सात शंय पांचले भेटी स्वरूप केही रकम चढाई गरेको माग राजा कीर्तिवम मल्लले पुरा गरिदिएको व्यहोरा परेको छ । देश निमाणि गर्नु जस्ता सार्वजनिक निर्माणको कार्यमा यी पञ्च एक भई जुट्थे । यसताका पाल्पाका राजा महादत्त सेनद्वारा तानसेन शहर बसाउने सन्दर्भमा वि.सं. १८४४ को अभिलेखमा[६५] 'मिहनत २६ हज्जार पञ्चकै' भन्ने उल्लेख परेबाट पनि स्पष्ट हुन्छ । वि.सं. १८५२ को एउटा पत्रमा[६६] थाकका पञ्चलाई नारीकोट देवस्थान जाने बाटो वनाउने जस्तो सार्वजनिक काम अह्राइएको छ ।

वि.सं. १७७७ को एउटा पत्रमा[६७] पर्वत राज्यमा पञ्चायतको कामवारे केही प्रकाश परेको छ । तात्कालिक राजा मलेवम मल्लको शासनकालमा अंश सम्बन्धी एउटा मुद्दा पञ्चायतले छिनेको व्यहोरा परेको छ । यस पत्रमा मुद्दा पञ्चायतमा पेश गरिंदा पञ्चायतले दुवै पक्षलाई परस्परमा मिल्ने सल्लाह दिंदा दिंदै पनि दुवै पक्षले पञ्चायतलाई नै मुद्दा छिन्ने अभिभारा सुम्पेकाले पञ्चायतले छिनी दिएको व्यहोरा परेको छ । यसबाट पञ्चायतलाई मुद्दा मामिला छिन्ने अधिकार दिइएको थियो भन्ने कुरो स्पष्ट हुन्छ ।

चौंवीसी राज्यहरूमा अहिलेसम्म प्राप्त पञ्चायत सम्बन्धी उल्लेख भएका ऐतिहासिक सामग्रीहरूमध्ये प्यूठानका राजा पृथ्वीपति शाहले वि.सं. १७६० मा गरिदिएको ताम्रपत्राभिलेख[६८] पहिलो देखिएको छ । त्यस अभिलेखमा राजा पञ्च मिली धार्मिक व्यवस्था थाम्ने व्यहोरा परेको छ ।

## पजनीप्रथा

पर्वतमा पजनीप्रथा थियो । तात्कालिक एउटा पत्रमा[६९] '..... पजनी पनि उचितै छ, २।४ दिनमा पजनी थाम थुम गरौंला भन्या जस्तो लाग्छ.....' भन्ने व्यहोरा परेको छ । अभिलेखहरूमा उल्लिखित विभिन्न सरकारी कर्मचारीहरूको पद र समयमा दृष्टि दियौं भने पनि यो कुरो स्पष्ट हुन्छ ।



## आर्थिक अवस्था

### कृषि :-

चौबीसी राज्यमध्येका पाल्पा, प्यूठान, तनहुं जस्तो पर्वत राज्य पहाड र तराई प्रदेशमा फैलिएको नहुनु र अधिकांश भू-भाग पर्वत पर्वतले ढाकिनु जस्तो भौगोलिक कारणले पर्वत राज्यमा कृषि योग्य जमीनको कमी रहेको थियो । कालीगण्डकी, म्याग्दी, मोदी, वडीगाड आदि नदीले वनाएको उपत्यका कृषि योग्य थियो भने पहाडमा केही पाखा जमीन मात्र । यस कारणले पर्वतका वासिन्दाले राज्यवाहिरवाट कर तिरी खाद्यान्न वेसाउनु पर्ने अवस्था पनि आउँथ्यो ।

पर्वत राज्यको उत्तरमा पर्ने थाक खोला भेकका भू-भाग ढुङ्गे र वलौटे मालभूमि भएको हुनाले खेतीपाती नदीको किनारमा सीमित थियो । यस भेकका पहाडी भागमा धूपीसल्ला जस्ता सदावहार वनस्पति पाइन्छन् । वन फाँडी पाखा वाली लगाउने, वनका काठहरूलाई वाल्नेदेखि लिएर घर वनाउने, छाना छाउने, गोवरसंग सल्लेपीर आदि मिलाई मल वनाउने आदि काममा वन उपयोगी हुन्छ । जनसंख्याको अनुपातमा कृषि उत्पादन न्यून रहने हुंदा आवश्यक खाद्यान्नको पूर्ति गर्न आवश्यक हुन्थ्यो भने कृषि उत्पादनका लागि वन पालन गर्न पनि उत्तिकै आवश्यक हुन्थ्यो । पर्वतका राजा कीर्तिबम मल्लले गरिदिएका वन सम्बन्धी ताम्रपत्राभिलेखहरू यस सन्दर्भमा महत्त्वपूर्ण रहेका छन् ।

वि.सं. १८२८ को एउटा अभिलेखमा[७०] नाम्रुकोट र फुंतिहिता गाउंका वीच भएको वन सम्बन्धी झगडाको उल्लेख परेको छ । यस अनुसार नाम्रुकोट गाउंको वन अघि फुंतिहिता गाउंलाई दिइएकोमा पछि कीर्तिबम मल्ल समक्ष नाम्रुकोट गाउंले रू.६५।- पाय (भेटी) राखी विन्ती गरेकोमा सो वनको सीमाना छुट्याई नाम्रुकोटलाई सुम्पिएको व्यहोरा परेको छ । वि.सं. १८३० को अर्को एक अभिलेखमा[७१] नाम्रुकोट गाउंले पाएको वन अरू टोलले नपाउने र सो वनमा मुर्जुंकोट गाउंलाई गाई वस्तु चह्राउन र गोवर टिप्न निषेध गरेको छ । कहीं कहीं तोकिएको सीमाना भित्रको वन पालन गर्न र विह्राउनका लागि मात्र पनि वन दिइएको पाइन्छ[७२]। कति वन त टोल टोललाई निश्चित सीमानाका वनमा आफ्नो खुसी गर्न पाउने अधिकार प्रदान गरिएको छ[७३] भने कहीं पुख्यौंली अधिकार पनि दिलाईएको[७४] पाइन्छ ।

वनवाहेक खेत सम्बन्धी झगडा परेको उदाहरण पनि पाइएको छ । वि.सं. १८३५ को एउटा अभिलेखमा[७५] ताक्लुङ्ग गाउंले रू.७००।- भेटी राखी विन्ती गरेकोमा कीर्तिबम मल्लले झगडा छिनी दिएको व्यहोरा परेको छ । यसमा निर्धारित सीमाभित्रका ढुङ्गा, माटो, काठ, पात, घास घुस (?) नीत नात (?) ताक्लुङ्ग गाउंलाई सुम्पेको छ ।

उपर्युक्त ताम्रपत्रहरूवाट कीर्तिबम मल्लले वन-पालन र वन फाँडी कृषि उत्पादन गर्ने तर्फ ध्यान दिएको देखिन्छ भने कतै वनको सट्टा केही रकम लिएको उदाहरण पाइन्छ ।

जग्गा वन्धक राखी वा वेची राजाले पैसा लिने चलन त्यसताका लमजुङ०, गुल्मी, पाल्पा आदि चौबीसी राज्यहरूमा पनि चलेको थियो[७६]। पर्वत राज्यको आम्दानीका केही स्रोतमध्ये जग्गा वन्धक राखी पैसा लिने एक थियो भन्ने कुरा केही कागज पत्रहरूबाट[७७] पुष्टि हुन्छ ।

पशुपालन -

पर्वत राज्यअन्तर्गतका अग्ला अग्ला पहाडी क्षेत्र पशुपालन गर्नाका लागि उपयुक्त रहेको थियो । प्राय: गरेर हिमरेखाभन्दा मुनिका प्रदेशमा बुकीहरू फलाउने र भारपात कांढाको बुट्यान पोथ्रा पोथ्रीहरू प्रशस्त मात्रामा पाइने हुंदा पशुपालन व्यवसायका लागि यो प्रदेश उपयुक्त थियो ।

वि.सं. १७८६ को एउटा अभिलेखमा[७८] कीर्तिवम मल्लका पिता प्रियव्रत मल्लले पशु चह्राउनाका लागि खर्क दिएको कुरोवाट पनि त्यसताका पशुपालन व्यवसायलाई राजातर्फवाट पनि प्रोत्साहन मिलेको थियो भन्ने थाहा हुन्छ । पशुपालन व्यवसाय पर्वत राज्यको अर्को दरो आर्थिक स्रोत रहेको थियो । वि.सं. १८८६ सम्म पनि पर्वतवाट हजारौं धार्नी घ्यू र सयौं राडी काठमाडौं कोट भण्डारमा दाखिल भएवाट[७९] पनि यसको केही पुष्टि हुन्छ । आजसम्म पनि त्यस भेकमा पशुपालन गरिएको पाइन्छ ।

व्यापार -

नेपालको उत्तर र दक्षिणमा भोट र भारत देश परेकाले यी दुइ देशसंग नेपालको व्यापारिक सम्बन्ध रहनु स्वाभाविक छ । भारतबाट नेपाल आउन त्यति धेरै गाह्रो थिएन । यी दुइ देशको वीचमा पर्ने जङ्गल र जङ्गलका हिंस्रक जन्तुदेखि हुने डर आदिको मात्र कठिनाइ थियो । तर भोटसम्म पुग्नलाई धेरै कठिनाइको सामना गर्नु पर्दथ्यो । त्यसताका नेपालबाट भोट जाने पांच मार्ग वढी चल्तीका थिए । तीमध्ये भारतबाट पर्वतको वेणी शहर भई शक्यामठ र त्यहांवाट भोट पस्ने चल्तीको बाटो थियो [८०]। वेणीवाट कुश्माचौर, रिडी, पाल्पा, मोह्याक, नुवाकोट हुंदै वुटवल पुग्ने वाटो चल्तीको थियो ।

पर्वत राज्यताका कुश्माचौर र वागलुङ० पनि व्यापारको दृष्टिले केन्द्र वनेका थिए । यी ठाउंमा नेवार व्यापारीहरू कीर्तिवम मल्लका पालामा आइसकेका थिए । नेवार व्यापारीहरू श्री ५ पृथ्वीनारायण शाहको नेपाल उपत्यका विजय हुनु भन्दा धेरै अघि पश्चिमतर्फ लागि सकेका थिए भन्ने कुरा त्यसतर्फ प्राप्त भएका ऐतिहासिक सामग्रीबाट देखिन आएको छ कीर्तिवम मल्लले कुश्माचौरका महेश्वर नेवारलाई वि.सं. १८३८ मा गरिदिएको ताम्रपत्राभिलेख[८१] महत्वपूर्ण रहेको छ । यसअनुसार महेश्वरले राजा कीर्तिवम मल्ललाई रू.१०१।- चढाई सेवा गरे वापत उनलाई घर घडेरी दिई निकासा माफी गरिदिएको व्यहोरा परेको छ ।

यसको दुइ वर्ष पछि वि.सं. १८४० मा कीर्तिवम मल्लले भादगाउँका राजा रणाजित् मल्लका छोरा अवधूतसिंहलाई वागलुङ० वजारको उत्तरपट्टिको उपल्लाचौरमा घडेरी विर्ता दिई निकासा समेत माफी दिएको ताम्रपत्राभिलेख[८२] पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

पर्वत राज्यका चट्टानदार पहाडहरूमा तामा, फलाम, गन्धक, शीशा आदि विभिन्न प्रकारका खनिज पदार्थ रहेको हुँदा यी पदार्थको निकासा व्यापारबाट राज्यलाई निकै लाभ हुन्थ्यो[८३]। तामाको बिक्री त राणाकालसम्म पनि हुँदै गरेको कुरो केही पत्रहरूबाट[८४] थाहा भएको छ । उत्पादन गरिएका खनिज पदार्थबाट राज्यलाई आवश्यक पर्ने कुटो, कोदालो आदि कृषि औंजार र युद्धका लागि भाला, खुकुरी आदि हतिहार तयार गरिन्थे । पर्वतमा उत्पादन हुने घ्यू, फलाम, तामा, ऊनी कपडा आदि भारततर्फ र तामा चरेश आदि भोट-तर्फ निकासा हुन्थ्यो । भारतबाट ल्याइने लत्ता कपडा मसला आदि वस्तु भोटतर्फ पठाइने हुँदा पर्वत राज्यको राजस्वमा वृद्धि भएको थियो । भेंडा बाख्रा आदि जन्तुको व्यापार हुन्थ्यो । यस भेकका व्यापारी भारतको गोरखपुरसम्म पनि व्यापार गर्न पुग्दथे[८५]। ढुवानीको साधन नभएको त्यसवेला मानिस र खच्चड आदिद्वारा नै काम चलाइन्थ्यो । यसरी पर्वत राज्य व्यापारिक मार्गमा परेको हुँदा भन्सारबाट राज्यलाई निकै आर्थिक लाभ हुन्थ्यो ।

पर्वत राज्यमा तामा, फलाम आदि विभिन्न खनिज पदार्थबाहेक कालीगण्डकी, म्याग्दी, मोदी आदि नदीका किनारमा सुनका कण पाइन्छन् । वि.सं. १८२६ को एउटा अभिलेखमा[८६] `सुन खोला` को उल्लेख परेको छ । यहाँ सुनको कण बढी पाइने हुँदा यो नाम रहेको बुझिन्छ । कालीगण्डकीको उत्तरी भेकमा शालीग्राम निकै पाइन्छन् । यी शालीग्राम-भित्र सुनका कण रहेका हुन्छन् । यसो हुँदा त्यस भेकका व्यक्तिहरूले शालीग्राम फोडी सुन झिकी व्यापार समेत गर्दथे । यो कार्य धार्मिक दृष्टिले उचित नहुने हुँदा यसको रोकथामका लागि राणा प्रधान मंत्री वीर शम्शेरले प्रयास गरेका थिए[८७]। यस भेकमा सुनको खानी हुन सक्ने संकेत पनि मिलेको थियो[८८]।

यस भेकका वोटेहरूमा कालीगण्डकी आदि नदीका किनारमा वालुवा चाली सुन निकाल्ने परंपरा छ । यो कार्य प्राय: जाडो महीनामा हुने गर्दछ । यसताका वर्षाको वाढीद्वारा फ्याँकिएका वालुवा पुरानो र सुख्खा भइसक्ने हुँदा छान्न सजिलो हुने गर्दछ । तीन महीना जति तीन जना यस काममा लाग्न सके दुइ तोला वरावरको सुन निकाल्न सकिन्छ भन्ने स्थानीय बोटेहरूको भनाइ छ ।

मुद्रा -

स्वतन्त्र मुद्रा ढाल्ने पद्धति प्राचीनकालदेखि नै शुरू भएको हो । राजा मानदेवको `मानाङ्क` नामक तामाका मुद्रादेखि शुरू भएको यो क्रम पछिसम्म पनि कायम रहेको थियो । नेपालमा चाँदीको खानी नहुँदा लिच्छविकालदेखि नै तामाको मुद्राको प्रसार बढी भएको

थियो । मध्यकालमा चाँदीको मुद्राको प्रचलन देखा परे पनि तामाको मुद्राको प्रसार कायमै थियो ।

पर्वतका प्रसिद्ध राजा मलेबमका पालामा तामाका पैसा प्रचलनमा आएको कुरो वि.सं. १७६५ को ताम्रपत्राभिलेखवाट[८९] थाहा भएको छ । नेपाल उपत्यका तथा दोलखाका राजाहरू-वाहेक अरू चौबीसी राजाहरूका स्वतन्त्र टकवारे विशेष कुरो ज्ञात हुन सकेको थिएन । पर्वतका अन्तिम राजा कीर्तिबम मल्लद्वारा जारी गरिएका उन्नाइस ताम्रपत्र प्राप्त भएका छन् । दुइ वाहेक सबै जसो ताम्रपत्रको शिरो भागमा उर्दू लिपि कुँदिएको मोहर छाप लागेका छन् । कीर्तिबम मल्लको मुद्रा छाप परेका यी दुइ तामापत्रवाट[९०] त्यसताकाको मुद्रा शैलीवारे केही प्रकाश पर्दछ ।

मुद्रा गोलाकारको छ । मुद्राको वृत्त रेखाभित्र वरिपरि `श्रीमत्कीर्तिबम मल्ल देवस्येयं मुद्रा` अक्षर कुँदिएको छ । वीचमा अर्को सानो वृत्त रेखा खिचिएको छ । त्यस रेखाभित्र माथिल्लो भागमा `त्रिशूल` र तल्लो भागमा `धनुवाण`को चित्र अङ्कित छन् । त्रिशूल र धनुवाण चित्रका वीच भागमा `श्रीराम` अक्षर कुँदिएको छ । प्राय: मल्ल तथा शाह राजाहरू राजगद्दीमा बसेको मितिमा मुद्रा प्रसार गर्ने पद्धति रहेको देखिन्छ । यी राजाहरूद्वारा जारी गरिएका ताम्रपत्रका शिरोभागमा मुद्रा छाप लगाइएका पाइन्छन् । तर कीर्तिबम मल्लले गरि-दिएका यी ताम्रपत्रमा अङ्कित मुद्रा छापमा तिथिमिति दिइएका छैनन् । यसो हुँदा यी मुद्रा छाप प्रसारमा आएका कीर्तिबम मल्लकै मुद्रा हुन् वा होइनन् भन्ने कुरो अरू खोजीको विषय भएको छ ।

तात्कालिक पर्वत राज्यको राजधानी वेणीस्थित कोटभण्डारसँग पश्चिमपट्टि टक्सार रहेको थियो । सो टक्सार वि.सं. १९३४ सम्म सक्रिय रह्यो र वि.सं. १९६७ मा बन्द भएको बुझिन्छ[९१]।

## सामाजिक पक्ष -

नेपालका अरू प्रख्यात राजाहरू जस्तै धार्मिक कुरामा कीर्तिबम मल्ल उदार थिए । विशेष गरी कीर्तिबम मल्ल वैष्णव सम्प्रदायमा वढी श्रद्धा राख्दथे । कृष्णा गण्डकीले (शालीग्रामी) सिंचेको भूमि वैष्णव क्षेत्र मानिएको छ । यस नदीको प्रवाहसँगसँगै वैष्णव सम्प्रदायको लहर चलेको थियो भन्ने कुरा यस नदीका निकटवर्ती राज्य गुल्मी, पाल्पा, तनहुँ आदिका राजाहरू स्वयम् वैष्णव सम्प्रदाय अन्तर्गतका राम र कृष्णाका भक्त देखिएवाट स्पष्ट हुन्छ । कीर्तिबम मल्लका पूर्वज डिम्बवम, मलेवम आदि राजाहरू राम र कृष्णाका भक्त थिए । कीर्तिबम मल्लले जारी गरेका ताम्रपत्राभिलेख, पत्रहरूका शिरोभागमा `श्रीराम` शब्द र मुद्रा छापमा धनुवाणको चित्र अङ्कित गरिनुवाट उक्त कुरा स्पष्ट हुन्छ ।

वि.सं. १८३४ को एउटा ताम्रपत्रबाट[६२] कीर्तिविम मल्लको धार्मिक धारणाबारे केही प्रकाश पर्दछ । यिनमा पुरश्चरण आदि धार्मिक कार्यको प्रभाव निकै परेको देखिन्छ । हुन त यता गोरखाका राजा नरभूपाल शाह आफैं पुरश्चरण गर्दथे । श्री ५ पृथ्वीनारायण शाहको पनि पुरश्चरणमा निकै श्रद्धा थियो । यसै गरी कीर्तिविम मल्लले नवरात्रमा पुरश्चरण गर्नाका निमित्त गुरु सन्तानलाई दक्षिणा स्वरूप विर्ता दिई केही कर आदिबाट मुक्त गरी सुविधाको व्यवस्था गरिदिएका थिए । यसबाट त्यस समयमा पुरश्चरणको प्रभाव निकै परेको थाहा हुन्छ ।

कीर्तिविम मल्लको शाक्त सम्प्रदायमा पनि उचित श्रद्धा थियो । बागलुङ०चौरकी कालिका देवीलाई `..... समालका चौद पुस्तादेखि गुठी राख्याको रहेछ.....` भन्ने व्यहोरा परेको वि.सं. १८५६ को एक पत्र[६३] प्राप्त भएको छ । वंशावलीअनुसार कीर्तिविम मल्ल चौथौं पुस्तामा पर्ने देखिएकोले यिनैले भगवतीलाई गुठी जग्गा चढाएको कुराको पुष्टि हुन्छ ।

कीर्तिविम मल्लको शैव सम्प्रदायमा पनि श्रद्धा रहेको थियो भन्ने कुरा यिनको एउटा मुद्रा छापमा त्रिशूल चित्र अङ्कित भएकोबाट थाहा हुन्छ ।

कीर्तिविम मल्ल वैष्णव, शाक्त, शैव सम्प्रदायबाहेक बौद्ध धर्म अन्तर्गतका लामा धर्ममा पनि श्रद्धा राख्दथे ' भन्ने कुरा कोबाङ०का देवस्थान तथा गुम्बाका वैरागी लामा र फुमा आदिको व्यवस्था बाँधिदिएको वि.सं. १८३१ को ताम्रपत्रबाट[६४] स्पष्ट हुन्छ ।

नेपालको उत्तरी भेकमा निकै गुम्बाहरू रहेका छन् । गुम्बामा फुमा, वैरागी, लामाहरू बसी धार्मिक पूजा पाठ गर्ने परंपरा रहेको छ । परंपरा अनुसार माहिलो छोरा भिक्षु र माहिली छोरी फुमा बन्ने भएकोले त्यसताकाका गुम्बामा यिनीहरूको संख्या बढी हुन्थ्यो । यिनीहरू गुम्बामा नबसेर गाउँ घरमा रही गुम्बाको धार्मिक कार्यमा संलग्न हुन सक्दथे । माहिलो छोरो पुर्ख्यौली सम्पत्तिको हकदार नहुने हुँदा प्रत्येक परिवारले एक टुक्रा जमीन गुम्बामा भिक्षु हुन जाने माहिला छोराको निम्ति छुट्याइराखेको हुन्छ[६५]।

फुमा तथा लामाहरूको गुम्बामा प्रवेश, दण्ड तथा निष्कासनबारे विभिन्न गुम्बामा भिन्दा भिन्दै नियमहरू छन् । गुम्बामा रहँदा यिनीहरूले धर्म छाडे दण्डित हुन्थे । बिराउ हेरी दण्डको तह निर्धारित भएको बुझिएको छ । यदि गुम्बाका कुनै फुमाले कुनै अरू व्यक्तिसँग अनुचित सम्बन्ध राखेको पाइयो भने उनले (फुमाले) मकुण्डोको रूपमा फाटेको टोपी लगाई गुम्बाको परिक्रमा गर्नु पर्ने तथा आर्थिक दण्डका साथै गुम्बाबाट निष्कासित पनि हुनु पर्ने नियम छ[६६] भने कतै दोषी ठहरिएकी फुमाले दण्ड स्वरूप गुम्बाका सबै फुमा-लाई चियापान गराउने, सबैका अगाडि १०८ पल्ट ढोग गर्ने तथा गुम्बामा बत्ती बाल्नु पर्ने नियम रहेको[६७] पाइन्छ ।

कीर्तिविम मल्लले व्यवस्था बाँधिदिएको यो अभिलेखमा भने सात शय थाकका कुनै व्यक्ति-ले फुमासँग विराए (अनुचित सम्बन्ध राखे), वैरागी लामाले फुमालाई र राजाले सात शय थाकको सो व्यक्तिलाई दण्ड गरी आ-आफूले दण्ड-रकम लिने र एक अर्कोको दण्डमा लोभ गर्न नपाइने कुरो परेको छ । यसरी नै सात शयका छोरी बुहारीसँग वैरागी लामाले अनुचित सम्बन्ध राखेको पाइएमा वैरागी लामालाई गरिएको दण्ड-रकम अरू लामाले लिन पाउने र सात शयको दण्ड राजाले लिन पाउने गरियो । वैरागी लामाले फुमासँग अनुचित सम्बन्ध राखेमा दुवैलाई राजाले दण्ड गरी रकम लिने र वैरागी लामा र फुमालाई खत लगाउने तर फुमा र लामाले देवस्थानभित्र अनुचित सम्बन्ध राखे भने चाँहि राजाले यसमा हस्तक्षेप गर्न नपाउने व्यवस्था बाँधिएको छ । फुमा तथा लामाको भने निष्कासन गरिँदैनथ्यो ।

उपर्युक्त उदाहरणहरूबाट कीर्तिविम मल्ल सबै धार्मिक सम्प्रदायमा श्रद्धा राख्दथे; यिनमा धार्मिक उदारता रहेको कुरा छर्लङ्ग हुन्छ ।

कीर्तिवम मल्लले वि.सं. १८३७ मा गरिदिएको अपुताली सम्बन्धी ताम्रपत्रबाट[६८] तात्का-लिक समाजमा चलेको रीतिस्थितिबारे केही प्रकाश पर्दछ । यस अभिलेखमा पुरी भन्ने स्थानमा अपुताली सम्बन्धमा कचिंगल उठी राजामा बिन्ती गर्दा राजाले अपुताली माफी गरिदिएको कुरो परेको छ ।

अपुताली भनेको सन्तान नहुने व्यक्तिको अंश हो । मृत व्यक्तिको छोरा नभए उनको स्वास्नी छोरीहरूले र स्वास्नी छोरीहरू पनि नभए मृत व्यक्तिका दाजु भाइले अपुताली खान पाउने नियम छ । मृत व्यक्तिको दाजु भाइ खलकमा अपुताली खाने कोही निस्केनन् भने त्यो अपुताली सरकारको हुन्थ्यो । अपुताली खान पाउनेले अपुताली खान्न भने कर लाग्दैन । तर अपुताली खाए पनि नखाए पनि सद्गति भने गर्नु पर्दथ्यो । हकवालाले अपुताली नखाएमा मर्नेको सद्गति गरी बाँकी रहेको सम्पत्ति साहू भए साहूले दामासाहीले पाउँछन् । साहू नै नभए सबै र साहू तिरी बढता भए जति सम्पत्ति सरकारको हुन्छ ।

तर यस अभिलेखमा कुन व्यक्तिलाई अपुताली माफी गरिदिइएको हो सो कुरो भने यहाँ खुल्दैन । यहाँ रू.४८०।- सितौं सदा फौं तिर्नु भन्ने व्यहोरा परेकोले पुरी स्थानीय प्रशासकद्वारा प्रशासित प्रदेश भई सो प्रशासकले यो सितौं कर स्वरूप केन्द्रका शासकलाई बुझाएको हो कि भन्ने बुझिन्छ । यस किसिमको कर स्थानीय जनतामा पनि लाग्दथ्यो । यस बाहेक रू.६०।- पनि दशैंमा बुझाउनु पर्ने व्यहोरा परेको छ ।

## कीर्तिवम मल्लका केही अभिलेख

(१)

मुस्ताङ० जिल्लामा पर्ने थाक खोलाका तेह्र मुख्यहरूको संग्रहमा १५ वटा ताम्रपत्राभिलेख रहेका छन् । तीमध्ये कीर्तिवम मल्लका १४ वटा अभिलेखहरूका पाठ अभिलेख संख्या १ देखि ११, १३, १५ र १७ मा दिइएका छन् ।

श्रीराम:

१. स्वस्ति श्रीमहाराजाधिराज कीर्तिवम्म मल्ल देवज्यूले
२. नामुंकोट्याको वन् फु तिहिताकनि हिजो दि-
३. याँको आज नामुंकोट्याले रूपआ ६५ अ-
४. दारेपि रूपआ पइशठी पाया राषि विंति
५. ग-या र नामुंकोट्याको वन् नामुंकोट्याक-
६. न वक्सनु भयो प्राङ०येति पध्यारादेषि उ-
७. मो लाक्यु षोलाको साध गुसि जोराताजो-
८. पेजो हिल्या षार्क वराहाको वाटो महमीर-
९. देषि उभो नामुंकोटको पाषो सहवांटादेषि उ-
१०. धो वाकाका वाटादेषि उभो मुर्जुंकोटको र नामु-
११. कोटको साजो सहवांटादेषि उधो षोत तुल्याया
१२. पनि वन् पाल्या पनि वेच्या पनि नामुंकोट्याको
१३. षुसी यस् वातका साक्षी काजी रमेश मल्ल षोला-
१४. का ठाकु(र) कलिमर्दन मल्ल दिशालि वलिवंदन मल्ल
१५. मणि मल्ल पीतांवकंपदारि देउमक्त षांजाति राज
१६. चक्र कलिया वाकृर्च द्वया-या श्रीशाके १६६३ पौ-
१७. ष मासे लिखितं श्रीकृस्न ज्योतिर्विदा शुभं ।

(२)

श्रीराम

१. स्वस्ति श्रीमहाराजा कीर्तिबम्म मल्लदेवज्यूले
२. राकुतानि पाच टोलाले ३०० असरेपि तीन
३. सय रूपञा पाया राषि विति गन्या र सिमुधुं-
४. को वन् ताकुलुंग जान्या वाटादेषि उभो घुन्-
५. वाका डाडादेषि उधो साध गरिवक्सनु भयो
६. वन् राष्या पनि षुसि विहाइ षाया पनि षुसि य-
७. स् वातका साषि काजी रमेश मल्ल षोलाका
८. ठाकुर्कलिमर्द्दनमल्ल दिशालि दमन मल्ल रणौ
९. मल्ल. वलवीर. पितांवर. श्रीभक्त. मुक्तिराम व-
१०. हीक वुद्धि प्रकास कपर्दार रणायुध्य मीउक-
११. र्ण सजांति कासिवर्जुङ् षत्री कलिया वाकुच-
१२. न् प्रीति राम दुवा-या श्रीशाके १६६४ फाल्-
१३. गुन शुक्ल ३ वुधे मुकाम वेणी लिखितं
१४. श्रीकृस्न ज्योतिर्विदा शुभम्

(३)

श्रीराम

१. स्वस्ति श्रीमाहाराजा कीर्तिविम्व मल्ल देवज्यु-
२. ले -----
३. मुर्जुकोट्याले ६० रूपञा अढारेपि शाठी
४. रूपञा पाया राषि विति ग-या दशिउध
५. जान्या वाटादेषि उभो शुन्षोलादेषि पुढो पा-
६. हा षोलादेखि वुढो डाडादेषि उंधो तेति वन्
७. पालन वक्सनुमयो वर सागु जान्या वाटादे-
८. षि उंधो धुन्वाका डाडादेषि उभो तेति वन
९. विह्राड षान वक्सनुमयो यस् वातका साषि
१०. काजि रमेश मल्ल षोलाका ठाकुर्कलिमर्द-
११. न मल्ल दिशालि रणमल्ल. वलवीर. पीताव-
१२. र.श्रीभक्त मुक्तिराम वहीक.वुद्धि प्रकास
१३. कपर्दारि.रणयुध्य. मीउकर्ण सजाति.का-
१४. सिवजुठु षात्रि कलिया.प्रीतिराम. वाकृच-
१५. न दुवाऱ्या श्रीशाके १६६४ फाल्गुन शुदि १०
१६. रोज ५ मुकाम वेणी लिखितं श्रीकृस्ण ज्यो-
१७. तिर्विदा शुभम्

(४)

श्रीराम

१. स्वस्ति श्रीमहाराजा कितिविम्व मल्ल देव-
२. ज्यूले -----
३. नारिकोट्या पाँच टोलाले १०० रुपञा अद्दा-
४. रैपि शय रुपञा राषि विंति गऱ्या र गंड-
५. कीदेषि उंभो माऱ्या पाऱ्यादेषि उंधो थापा षो-
६. लादेषि पुढो तेति वन् विह्राइ षान वक्सनुभ-
७. यो यस् वातका साषि काजि रमेश मल्ल षो-
८. लाका ठाकुर्कलिमर्द्दन मल्ल दिशालि दम-
९. नं मल्ल रणौ मल्ल.वलवीर.पितांवर.श्री-
१०. भक्त.मुक्तिराम वहीकं.वृद्धि प्रकास कपर्दा-
११. र.रणायुध्य.भीउकर्ण ज्योति कासिवजुठ्ठ
१२. षात्रि कलिया.प्रीतिराम वाकृचन् दुवाऱ्या
१३. श्रीशाके १६६४ फाल्गुन शुदि १० रोज ५
१४. मुकाम वेणी लिखितं श्रीकृस्न ज्योति-
१५. विंदा शुभम् -

(५)

श्रीराम:

१. स्वस्ति श्रीमहाराजा कीतिविम्व मल्ल देवज्यूले
२. कोवाडठ्तानि तीन टोलाले दुइ शय रूपञा अं-
३. केपि २०० रूपञा पाया राषि विंति गर्‍या र राउ-
४. षुंका पानिदेषि उंभो.साषुंका षोलादेषि उंधो
५. तेति वन् कोवाडठतानी तीन टोलाको पुष्यालि
६. बक्सनुभयो यस् वातका साषि कविनारायण
७. मल्ल.इंद्रध्वज मल्ल द्दिशालि.श्रीकृस्न मल्ल.रणं
८. मल्ल.वलवीर.पीतांवर.श्रीभक्त.मुक्तिराम वही-
९. क. वुद्धि प्रकाश कपदारि.रणायुध्य.मीउकर्णा षा-
१०. जाँति.कासिवर्जुठु षात्रि कलिया. जशिवंत जिउन्
११. दास ढ्वार्‍या श्रीशाके १६९५ वैशाष शुक्ल ६ वुधे
१२. मुकाम वेणी लिखितं श्रीकृस्न ज्योतिर्विदा शुर्म

(६)

श्रीराम:

१. स्वस्ति श्री ६ मन्महाराजाधिराज कीर्तिविम्व
२. मल्ल देवज्यूले
३. नाम्रुकोटका वनमध्य अरू टोलाले विंती गर्न आ-
४. या नदिनु. षेत विह्राया पनि वनै राष्या पनि ना-
५. म्रुकोट्याको षुसी. नाम्रुकोट्याका वनमाहा मुर्जु-
६. कोट्याका अघय नचह्राउनु आपनाग्रांतमाहां गो-
७. वर्टिप्न पनि नदिनु चालिस रूपैया पाया राषी
८. विंती गऱ्या र वक्सनुभयो. एस्वातका साक्षी कविनारा-
९. यण मल्ल. षोलाका ठाकुर इन्द्र ध्वज मल्ल रणै मल्ल श्री-
१०. कृस्न मल्ल. पीतांवर.मुक्तिराम वहिक. श्रीभक्त
११. वुद्धि प्रकाश कपर्दारि.रणायुद्ध भीमकर्णा षजंची जसि-
१२. उंत जिउंदास द्वाऱ्यां. काशीवर जुठु षत्री कलिया श्री
१३. शाके १६६५ वैसाख मासे लक्ष्मी नारायण ज्योति-
१४. र्विदा लिखितं शुभम् भूयात्

(७)

श्रीरामो जयति नमम्

१. स्वस्ति श्रीमन्महाराजाधिराज श्री[३]
२. मत्कीर्ति वम्व मल्ल देवज्यूले
३. देवस्थानका सव वैरागी लामाले घुम्वाका सव भिमु-
४. ले १८० रूपैया अक्षारेपि एक शय असी रूपैया सि-
५. क्का पाया राष्षी विंती गऱ्या र.सात शयले घुन्वाका भि-
६. मुसित विराया भिमुकन देवस्थानका वैरागी लामा-
७. ले दण्ड गर्नु.सात्सयलाइ राजाले दण्ड गर्नु भिमुको दं-
८. ड वैरागी लामाले षानु.सात्सयको दण्ड राजाले षा-
९. नु. भिमुका दंड माहाराजाले लोभ नगर्नु.सात्सयका
१०. दंडमाहा लामाले लोभ नगर्नु.सात सयका छोरी वुहा-
११. रीसित वैरागी लामाले विराया.दिशाली वुढा मई दं-
१२. ड गरी लामाको दण्ड लामाले लिनु सात्सयको दंड
१३. राजाले लिनु.भिमुसित वैरागी लामाले विराया रा-
१४. जाले दण्ड गर्नु.वैरागी लामाको र भिमुको हातको च-
१५. प्कू आलाको टलक गरी षात लाउनु.लाउन्य ला-
१६. ग्छैन.देवस्थानभित्र भिमूले र लामाले चोऱ्या राजा-
१७. को षात छैन या.गरून् वैरागी लामाले गरून् मनी
१८. वक्सनु भयो.एस् वातका साक्षी काजी शंभु नारायण
१९. कवि नारायण मल्ल षोलाका ठाकुर कलिमर्दन म-
२०. ल्ल.गरुड ध्वज मल्ल.वलिवंदन मल्ल.वुद्धि प्रकास कप-
२१. र्दार.मिउकर्ण शुक्लांवर षर्जची काशीवर.जुठु षत्री
२२. कलिया. प्रतिविंद छापदार - वाकर्च प्रीतिराम द्वाऱ्या.
२३. जसिउंत जिउन्दास चोप्दार.नंदुवीर.रणौ मल्ल.व-
२४. लवीर.पीतांवर.श्रीमक्त. मुक्तिराम वहिक.रुद्र वा-
२५. निञा.माधौ चोषाल.एति दिशाली.स्वस्ति श्रीशाके
२६. १६६६ पौष मासे लिखितं लक्ष्मीनारायण ज्यो-
२७. तिविंदा शुभम् भूयात् शुभम् भूयात्

(८)

श्री रामो जयति

१. स्वस्ति श्रीमन्महाराजाधिरा-
२. ज कीर्तिवम्व मल्ल देवज्यूले
३. सात् शयलाई पुर्ष्याली वक्स्यामाहा.ष्वा-
४. राका सावल्माहा.टिट्यालसित ४ थर-
५. को फगरा भयो र.४ थरको पुर्ष्याली रहनु
६. र टिट्यालको पुर्ष्याली नरहनु क्या भ-
७. नि ? साही पाय राष्री टिट्यालले विंती
८. ग-या र.टिट्यालको पुर्ष्याली थामीव-
९. क्सनुभयो.हिजो ज्या ज्या टिट्यालले
१०. ग-याको.आज उप्रान्त पाने गर्नु य-
११. स् वातका साक्षी काजी गरूडध्व-
१२. ज मल्ल.शंभुनारायण मल्ल.वलि-
१३. वंदन मल्ल.षोलाका ठाकुर क-
१४. लिमर्दन मल्ल.अंसेत् वीरनाराय-
१५. ण मल्ल.वुद्धि प्रकाश कपर्दार.सुरत
१६. सेज्या चोप्दार.प्रतिविंद छाप्दार.शु-
१७. क्लांवर.गंगाप्रसाद षजंती.काशी-
१८. वर प्रताप षत्री कलिया.रणयुद्ध
१९. दानी.भीमकर्ण.श्रीभक्त.यघच-
२०. न् वहिक दिशाली.स्वस्ति श्रीशा-
२१. के १७०० चैत्र मासे दिन २७ गते
२२. भौमवासरे नवाकोट लिखितं-
२३. मदिं लक्ष्मी नारायणेन शुभम्

(६)

श्रीरामो जयति

गंडकी[१]

१. स्वस्ति श्रीमन्महाराजाधिरा-
२. ज कीर्तिविम्व मल्ल देवज्यूले
३. थंदी. घसाँउ. थंक्याउ. घ्युंदी. ठूलो घ्युंदी क्षो-
४. या. एति खेतमाहा झगरा पऱ्यो र ३ टोला ताक्-
५. लुंग्याले ७००) रूपैआ अदारेपि सात् शय रुपै-
६. आ सिक्का पाय राष्पी विंती गऱ्या र माथि पाँचु.लु-
७. धार दहको चपल्या ढुंगोदेष्पी उंधो. तल प्राट्याँ सू-
८. नुदेष्पी उंढो........ देष्पी उंभो. प्रासुमदेष्पी पनि
९. उंभो वुवरदेष्पी उंढो. एतिको साँध गरीवक्सनु-
१०. भयो. एति मंडल भित्रको - ढुंगो. माटो. काठ. पात्
११. षास. षूस. नीत. नांत. ३ टोला ताक्लुंग्याकन
१२. पाको गरीवक्सनुभयो कमाया पनि वेच्या पनि
१३. वाफ्नो राष्या पनि आफ्नी षुसी लगर झगरा ना-
१४. स्ति. यस् वातका साक्षी. काजी गरूड ध्वज मल्ल.
१५. शंभुनारायण मल्ल. वलिवंदन मल्ल. षोला-
१६. का ठाकुर कलिमर्दन मल्ल. अंसेत् वीरनाराय-
१७. ण मल्ल. वुद्धि प्रकाश कपर्दार. प्रतिविंद क्षाप्दा-
१८. र शुक्लांवर. गंगाप्रसाद षजंती सुरत. संज्या चो-
१९. प्दार. प्रीतिराम दुवाऱ्या रणयुद्ध दानी. भीम
२०. कर्ण. श्रीभक्त. नघचन् वहिक. दिशाली. स्व-
२१. स्ति श्रीशाके १७०० चैत्र मासे दिन २७ गते ला-
२२. मागेह स्थाने लिखितं लक्ष्मीनारायण ज्योति-
२३. विंदा. शुभम् भूयात्. शुभम् भूयात् -

(१०)

श्रीरामो जयति

१. स्वस्ति श्रीमन्महाराजाधिराज श्री
२. श्री श्री श्री कीर्तिविम्ब मल्ल दे-
३. वज्यूले
४. पांच टोला नाकौंतानिले ४०० रूपैया अंकेपि चार्सय्
५. पाया राषि. षिउ डांडादेषि उंधो नाम्रुसादेषि उधो त्या-
६. पुसादेषि उधो नुंभुंदेषि उधो वंगालुदेषि उभो अधे-
७. रि षोलादेषि औढो लिष्यादेषि उभो आंदेदेषि उधो
८. घट्या ष्यालुदेषि उधो सेकर्षुंकिका षोतदेषि उभो पा-
९. च टोलाले कोटका ढोलाटाजुंतानिको घट्या षोला-
१०. को वार्वनाउनू थांपिंको पुछारदेषि उधो वंगालुंको
११. वगर्देषि उभो धोंजादेषि पुढो गल्यादेषि उधो यति-
१२. मा पाच टोलाले वेच्या पनि विह्राया पनि पाल्या
१३. पनि पाच टोलाको षुसी यस्तो गरीवक्सनु भयो य-
१४. स् वातका साछि ला (का) जी गरुड ध्वज मल्ल शंभूनाराय-
१५. ण मल्ल वलिवंदन मल्ल षोलाका ह्राकुर्कलिमर्दन
१६. मल्ल. सर्दारि दमन मल्ल. वलवीर. कृस्न कार्कि. षज-
१७. ति शुक्लांवर गंगा प्रसाद. कपर्दारि वुद्धि प्रकास्. क-
१८. लिया सूर्वंस प्रताप् षात्रि छाप्दार प्रतिविंद. द्वा-
१९. -या प्रीतिराम् सूरथ जिउंदास् संज्या देशाली ह-
२०. स्तधर मुक्तिराम् वहिक् आत्माराम् चोषाल विं-
२१. त्याल ठालु भुंत्यहितान् भुंपंछिनपुं. लेखक साछि
२२. रवि उपाध्या. श्रीशाके १७०१ श्रीसंवत्सर: १८३६
२३. फाल्गुन शुदी १४ रोज ४ मुकाम राजधानी वे-
२४. णी शुभम् भूयात् शुभम् ... भवतु

(११)

श्रीरामो जयति

१. स्वस्ति श्रीमन्महाराजाधि-
२. राज श्री श्री श्री श्री श्रीकी-
३. र्तिविम्व मल्ल देवज्यूले
४. सात्सय पाचहरूले ६०० रूपैञा अंकेपि ६ सय्
५. पाया राष्गि लेत्याको चिस्तम् विति गऱ्या. चंद-
६. लाई. सूनिच्यांलाई लेत्यामा नदिनु सात्सय-
७. मित्र ५ वूढा ५ ठालु ५ ठालुले जांहा राष्ञं तांहां
८. रहनु. लेत्याका नौला षोत् एक् पनि नराष्नु भ-
९. नि वक्सनु भयो सात्सयले वेचि विह्राइ चिस्तम्
१०. राष्गि जस्तो गरी षाउं सात्सयको षुसी यस्मा लग-
११. रा भगरा नास्ति. थंपु सागुदेष्गि उधो लेत्याका घ-
१२. रदेष्गि उभो सात्सयको पाको. यस् वातका सा-
१३. क्षि काजी गरूड ध्वज मल्ल शंभूनारायण मल्ल व-
१४. लिवंदन मल्ल. षोलाका ठाकुर्कलिमर्द्दन मल्ल
१५. सर्दार दमन मल्ल वलवीर कृस्न कार्कि. षर्जति
१६. शुक्लांवर गंगाप्रसाद कलिया सूर्वस. प्रताप्
१७. षत्रि कपर्दार वुद्धिप्रकास् क्षाप्दार प्रतिविंद
१८. द्वाऱ्या प्रीतिराम् सूरथ जिउंदास्. संज्या दि-
१९. शाली हस्तधर मुक्तिराम् वहिक् आत्माराम्
२०. चोषाल् सूनांच्यां वूढा लेखक साक्षि रवि उ-
२१. पाध्या श्रीशाके १७०१ श्रीसंवत्सर: १८३६
२२. फाल्गुन शुदी १४ रोज ७ मुकाम राजधानी
२३. वेणी शुभम् भूयात् शुभम् भवतु

(१२)

मुस्ताङ० जिल्लाको मार्फा गाउँका मुख्यहरूद्वारा संग्रह भएका दुइ ताम्रपत्रा भिलेखमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ शक संवत् १७०२ (वि.सं. १८३७) दिइएको छ ।

श्रीरामो जयति

१. स्वस्ति श्रीमन्महाराजाधि-
२. राज किर्त्तिवम्व मल्ल देवज्यूले
३. पुरीमा अपुतालीमा कल पर्‍यो
४. रू.२००) सिक्का पाया राखि विंति
५. गर्‍या र अपुतालि माफ भयो सितौं ४८०
६. रोक पोक सर्दैको आफ्नो गरि ल्याउन्या
७. उसै गरि ल्याउनु ६०) रूपैआ सिक्का
८. दसैमा ल्याउनु उप्रांत उपतामाको
९. थिति रिति देशालिले पम्ववाट
१०. गौराइ खानु विसको तिं ३ वूढाले
११. राजावाट खानु विसको ३ यस
१२. वातका शाषिा काजी गरूड धोज
१३. मल्ल सिंभुनारायण मल्ल वलिवं-
१४. धन मल्ल खोलाका ठाकुर इंद्र धो-
१५. ज मल्ल देशालि नाग मल्ल तुला-
१६. राम वहीक श्रीशाके १७०२ लि-
१७. खितं श्रीकृस्न जोसि मिति फाल्गु-
१८. ण शुदि १० रोज १ मुकाम पार्धि
१९. शुभं शुभ.

(१३)

श्रीरामो जयति

१. स्वस्ति श्री ५ मन्महाराजाधि-
२. राज कीर्तिविम्म मल्ल देवज्यूले
३. घपुतानिले १०० रुपञा सिक्का पा-
४. या राषि सेवा ग-या र ह्याढाडठ्हमदे-
५. षि उंधो मलषुदेषि उंभो ओषडाडा-
६. देषि उंधो थला डाडादेषि उंधो अमेघ-
७. डठ्देषि उंधो सांध गरीवक्सनुमयो.ए-
८. सुमहा लगरा फगरा नास्ति. एस् वात-
९. का साक्षी काजी गरूड ध्वज मल्ल. शंभुना-
१०. रायण मल्ल. वलिवंधम मल्ल. षालाका
११. ठाकुर कलिमर्दन मल्ल. दिशाली. प्रति-
१२. विंद. हस्तधर. आत्माराम चोषाल. मु-
१३. क्तिराम वहीक. वुद्धि प्रकाश कपर्दार. शु-
१४. क्लांवर. गंगा प्रसाद षर्जती श्रीशाके
१५. १७०२ संवत् १८३७ लिखितं धरणी-
१६. धर पंडित शुभम् भूयात्

(१४)

पर्वत जिल्लाको कुश्मा बजार निवासी श्रीमोती कुमार जोशीसंग रहेको ताम्रपत्रमा यो अभिलेख कुंदिएको छ । यहां विक्रम संवत् १८३८ दिइएको छ ।

श्रीरामो जयति

१. स्वस्ति श्री श्री श्री श्री श्रीमन्महाराजाधि-
२. राज श्रीकीर्तिवंम मल्ल देवेन
३. महेश्वर नेवारले १०१ रूपैञा अढारेपि स-
४. य रूपैञाले सेवा गऱ्या र निकासि माफ् गर्नु
५. मयो घर घडेरी पनि वेच्या विक्न्या वस्या था-
६. मिन्या गरिवक्सनुमयो यस् वातका साछि का-
७. जी गरूड ध्वज मल्ल शंमुनारायण मल्ल. ज्येठा
८. बूढा वलीवंदन मल्ल सर्दार दमन मल्ल श्रीकृ-
९. स्न कार्कि वलवीर दानी रणयोद्ध. कपर्दार म-
१०. दन वक्स् चोप्दार. सुरत. जिउंदास् राजाराम्
११. प्रीतिराम् कलिया जुठु षात्रि प्रताप षात्री षाजं-
१२. ति शुक्लांवर. गंगाप्रसाद पुलांका रूद्र वानी-
१३. आ. विचारी वृहस्पति लेखक साछि रवी उपा-
१४. घ्या श्रीशाके १७०३ श्रीसंवत्सर १८३८ फा-
१५. ल्गुन शुदी ६ रोज २ मुकाम कुश्माचौर शु-
१६. मम् मूयात्

(१५)

श्रीरामो जयति

१. स्वस्ति श्री ५ मन्महाराजाधि-
२. राज स्येयं आज्ञा पत्री शुभं
३. टिट्यालको र चंद्रको वनमा कुल
४. पऱ्यो र २४०) रूपैंआ अदारेपि
५. सिक्का पाया राखि ढुंघ्यामदे-
६. षि उढो छिनारादेषि उढो रायि-
७. प्रादेषि उढो ढेजेमदेषि उभो रसि-
८. देषि उभो घ्यढेनुदेषि उभो सा-
९. गवारिदेषि उंधो : उभेघेदें-
१०. षि उंधो : यति सांध् पाको ग-
११. रिवक्सनुभयो विक्राया पनि
१२. वेच्या पनि टीट्यालको षुसि षा-
१३. गर. माटो पुर्षाको थिति गरि ल्याउ-
१४. नु. वर्षाको सागु नलाउनु. एस्
१५. वातका साषि काजी गरुड ध्वज मल्ल
१६. सम्भुनारायण मल्ल. कलिमर्दन
१७. मल्ल. षोलाका ठाकुर. कपदार्. म
१८. दन वक्स्. षजांचि. सुक्लांवर. गंगा-
१९. प्रसाद. चोप्दार. सुरत्. देसालि
२०. सक्ति मल्ल. आत्माराम चोषाल्
२१. छापदार हित्या वहिक. श्रीशा-
२२. के १७०४ लिषितं शाक्ति रवि उ-
२३. पाध्या मीति फाल्गुण शुदि ३
२४. रोज ४ मुकाम वेनि शुभं.

(१६)

रुपन्देही जिल्लाको मोतीपुर गाउं पञ्चायत वडा संख्या २, मनोहरापुर निवासी श्रीअमर देव मल्लसंग रहेको ताम्रपत्रमा यो अभिलेख कुंदिएको छ । यहां शक संवत् १७०५ (वि.सं. १८४०) दिइएको छ ।

श्रीरामो जयति नम

१. स्वस्ति श्री ५ मन्महाराजाधिराज-
२. स्येय आज्ञापत्री वरीवर्ति शुभ
३. स्वस्ति श्री श्रीअवधूतसिंहको उपल्लाचौरको घ-
४. -याडि विर्ता गरिदिञा निकासि माफ गरिदिञा का-
५. जी गरुड ध्वज मल्ल. शंभुनारायण मल्ल रिपुख (म)-
६. ण्डन मल्ल. चोपदार. सूरत. संध्याराम. श्यामभक्त
७. प्रीतिराम. षजांची. शुक्लांवर. गंगा प्रसाद. छाप-
८. दार प्रतिविंव. सूवेदार हस्तधर. भंडा-
९. -या जगत् राम. प्रधान महेश्वर. कार्कि कोट्या उमरा गं-
१०. गाराम्. माफ कोट्या उमरा. वीरभद्र थापा. सिजा
११. छा-या दिलाराम. कार्कि वुधे मल्ल. काशिराम
१२. राजाराम. श्रीशाके १७०५ पौष दीन गते ३ रोज
१३. १ नक्षत्र मघा पौष वदी ६ लेखक साक्षि रू-
१४. क्मांगदेन. शुभम् भूयात्

(१७)

श्रीराम:

१. स्वस्ति श्री ५ मन्महाराजाधिरा-
२. जा कीर्तिविम्व मल्ल देवज्यूले
३. प्रतानिहरूले स्योकाको वन् ६०) रूपआ पा-
४. या राषि विति गन्या रूस्तम षोलादेषि पु-
५. ढोल्यादिनदेषि उधो अध्यारी षोलादेषि
६. वुढो मीउफट्कादेषि उभो. स्योकाभि-
७. त्रको वाफ्नो विक्राया पनि वेच्या पनि प्रता-
८. निको षुसि घोजोको चिस्तम् पनि प्रतानिको
९. माकोध्योप्रामा माटो षान्न पनि दिनु. घांम्री-
१०. मा पनि माटो षान्न दिनु यो वनमा लगरा फगरा
११. नास्ति अरू टोला उठ्या पनि प्रतानिलाइ षोसि
१२. अरूलाइ नदिनु सागुको भित्रै लाउनु भनि
१३. गरिवक्सनुमयो यस् वातका साक्षी षोलाका
१४. ठाकुचामु मल्ल. प्रतिविद क्षाप्दारीदिशालि
१५. श्रीमक्त जीउन् वहीके. आसाराम् चोषाल्
१६. श्रीशाके १७०७ माद्र पद मासे लिखितं श्री
१७. वाशु जोइशी मुकाम ढोराल्ठाणा शुभम्

## टिप्पणीहरू

१. मोहन बहादुर मल्ल, 'पर्वतको इतिहास', प्राचीन नेपाल, संख्या १६ (श्रावण, २०२८), पृ. ५० ।

२. श्रीज्ञानमणि नेपालसँग रहेको `कार्त्तिक माहात्म्य` नामक हस्तलिखित ग्रन्थबाट ।

३. धनवज्र वज्राचार्य, 'गुहारयुग', मधुपर्क, २।६ (कार्तिक, २०२६), पृ. ३९-४९ ।

४. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख, पहिलो भाग (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३७), पृ. १०२ ।

५. नयराज पन्त र अरू, श्री ५ पृथ्वीनारायण शाहको उपदेश, (ललितपुर: जगदम्बा प्रकाशन, ), पृ. ९१० ।

६. वावुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, भाग २, (काठमाडौं: श्री ५ महाराजाधिराजको प्रेस सचिवालय, राजदरवार, २०२४), पृ. ३३३-३३६ ।

७. पन्त र अरू, पूर्वोक्त, टिप्पणी ५, पृ. ९१० ।

८. टेकवहादुर श्रेष्ठ, `पर्वत राज्यको ऐतिहासिक रूपरेखा`, (अप्रकाशित प्रतिवेदन, सामग्री खण्ड - नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०३७) ।

९. वावुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, भाग ३, (काठमाडौं: श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय राजदरवार, २०२५), पृ. ५९३ ।

१०. टेकवहादुर श्रेष्ठ, 'पर्वतका केही ताम्रपत्र', कन्ट्रिब्यूशन्ज टु नेपालिज् स्टडिज्, २।२ (भाद्र, २०३३), पृ. ७६-७८ ।

११. योगी नरहरिनाथ, इतिहास प्रकाश, अङ्क १, (काठमाडौं: इतिहास प्रकाश मण्डल, २०१२), पृ. १५२ ।

१२. पन्त र अरू, पूर्वोक्त, टिप्पणी ५, पृ. ११००-११०३ ।

१३. योगी नरहरिनाथ, इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, भाग १. (२०२२), पृ. ६५५।

१४. उही, पृ. ७३२ ।

१५. दिनेशराज पन्त, 'वि.सं. १८३२ देखि वि.सं. १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरू', पूर्णिमा १७ (२०२५), पृ. ३०-३१ ।

१६. डिल्लीरमण रेग्मी, मोडर्न नेपाल, पहिलो भाग, द्वितीय संस्करण (कलकत्ता: फर्मा के.एल. मुखोपाध्याय, इ.सं. १९७५), पृ. ३०४ ।

१७. दिनेशराज पन्त, 'अप्रकाशित १२ वटा ऐतिहासिक पत्र', पूर्णिमा २१ (२०२६), पृ. ४९-५५ ।

१८. उही, पृ. ४६-५३ ।

१६. आचार्य, पूर्वोक्त, टिप्पणी ६, पृ. ५६७ ।

२०. उही, पृ. ५६६ ।

२१. पन्त र अरू, पूर्वोक्त, टिप्पणी ५, पृ. ६१२-६१३ ।

२२. अभिलेख १६ संख्या ।

२३. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

२४. नरहरिनाथ, पूर्वोक्त, टिप्पणी १३, पृ. ७३६ ।

२५. फ्रान्सिस् वुचमान ह्यामिल्टन, आन् एकाउण्ट अफ् दि किङ्डम् अफ् नेपाल, पुनर्मुद्रण (न्यू दिल्ली: मञ्जुश्री पब्लिशिङ्ग हाउस्, इ.सं. १६७१), पृ. २७१ ।

२६. मोहनबहादुर मल्ल, "पर्वतको पतन", मधुपर्क, ११।१ (जेठ, २०३५), पृ. १०६ ।

२७. महेशचन्द्र रेग्मी, ल्याण्ड टेन्यूर एण्ड ट्याक्सेशन इन् नेपाल, भाग १-४, पुनर्मुद्रण (काठमाडौं: रत्नपुस्तक भण्डार, इ.सं. १६७२), पृ. २७३ ।

२८. दिनेशराज पन्त, "दैवज्ञ शिरोमणि लक्ष्मीपति पाण्डे", पूर्णिमा - ८ (माघ, २०२२), पृ. ३७ ।

२६. ह्यामिल्टन, पूर्वोक्त, टिप्पणी २५, पृ. २७१ ।

३०. धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ, "श्री ५ पृथ्वीनारायण शाहको नुवाकोट-माडी दरवार" कन्ट्रिब्यूशन्ज् टु नेपलिज् स्टडिज- २-२ (असार, २०३२), पृ. १४५-१४७ ।

३१. अभिलेख १, २, ७ संख्या ।

३२. अभिलेख ७ संख्या
क्रिस्टोफ भोन् फुरर-हेमनडर्फ, हिमालयन् ट्रेडर्स, (लण्डन: जोन मुर्रे लि., इ.सं. १६७५), पृ. १४१ ।

३३. अभिलेख १५, १६, १७ संख्या ।

३४. अभिलेख ६ संख्या ।

३५. अभिलेख ८, ६, १२, १४ संख्या ।

३६. अभिलेख १, २, ३, संख्या ।

३७. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी १०, पृ. ७६ ।

३८. नरहरिनाथ, पूर्वोक्त, टिप्पणी १३, पृ. ६५५ ।

३६. अभिलेख १६, १७ संख्या ।

४०. नरहरिनाथ, पूर्वोक्त, टिप्पणी १३, पृ. ६५५ ।

४१. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकर नाटक, (काठमाडौं, नेपाल सांस्कृतिक परिषद्, २०१४), पृ. ८१-८२ ।

४२. अभिलेख ११, १४ संख्या ।

४३. अभिलेख १, २, ८ संख्या ।

४४. अभिलेख ८, १४, १५ संख्या ।

४५. अभिलेख ८, १४, १५ संख्या ।

४६. सं. मुहम्मद मुस्तफा खाँ 'मद्दाह', उर्दू-हिन्दी शब्द कोश, तृतीय संस्करण (लखनउ: उत्तर प्रदेश हिन्दी संस्थान, इ.सं. १९७७), पृ. २१९ ।

४७. एड्विन् टि. एट्किन्सन्, कुमाउ हिल्स, पुनर्मुद्रण (दिल्ली: कस्मो पब्लिकेशन्स्, इ.सं. १९७४), पृ. ५६५ ।

४८. अभिलेख १, २, ३ संख्या ।

४९. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

५०. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रूपरेखा (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, २०३०), पृ. ४७-४८ ।

५१. अभिलेख १६ संख्या ।

५२. अभिलेख १, २, ३ संख्या ।

५३. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, २०३०), पृ. ३०५ ।

५४. धनवज्र, 'कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा', कर्णाली प्रदेश (जुम्ला: सामाजिक अध्ययन समुदाय, २०२८), पृ. ४९ ।

५५. अभिलेख १६ संख्या ।

५६. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

५७. अभिलेख १४ संख्या ।

५८. अभिलेख १६ संख्या ।

५९. अभिलेख ८, ९ संख्या ।

६०. अभिलेख ७, १०, १२, १३ संख्या ।

६१. अभिलेख ७ संख्या ।

६२. अभिलेख १२ संख्या ।

६३. धनवज्र वज्राचार्य लिच्छविकालमा चलेको पाञ्चाली शासन पद्धतिको परिचय, पूर्णिमा-१२ (माघ, २०२३), पृ. १-१६ ।

६४. अभिलेख ११ संख्या ।

६५. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३५), पृ. ७३-७४ ।

६६. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

६७. उही ।

६८. टेकवहादुर श्रेष्ठ, "प्यूठानको ऐतिहासिक रूपरेखा" (अप्रकाशित प्रतिवेदन, सामग्री खण्ड - नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०३८) ।

६९. नरहरिनाथ, पूर्वोक्त, टिप्पणी १३, पृ. ६५५ ।

७०. अभिलेख १ संख्या ।

७१. अभिलेख ६ संख्या ।

७२. अभिलेख ३, ४ संख्या ।

७३. अभिलेख ३, १०, ११, १५ संख्या ।

७४. अभिलेख ५ संख्या ।

७५. अभिलेख ६ संख्या ।

७६. रामजी तेवारी र अरू, ऐतिहासिक-पत्र संग्रह, दोस्रो भाग (काठमाडौं: नेपाल सांस्कृतिक परिषद्, २०२१), पृ. १६ ।

७७. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

७८. श्री धनवज्र वज्राचार्यबाट प्राप्त सो ताम्रपत्रको प्रतिलिपि केन्द्रको संग्रहमा रहेको छ ।

७९. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

८०. कर्णेल कर्कपेट्रिक, आन् एकाउण्ट अफ् दि किङ्डम अफ् नेपाल, पुनर्मुद्रण (न्यू दिल्ली: मन्जुश्री पब्लिशिङ् हाउस, इ.सं. १९६९), पृ. ३७८ ।

८१. अभिलेख १४ संख्या ।

८२. अभिलेख १६ संख्या ।

८३. ह्यामिल्टन, पूर्वोक्त, टिप्पणी २५, पृ. २७२ ।

८४. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

८५. ह्यामिल्टन, पूर्वोक्त, टिप्पणी २५, पृ. १७ ।

८६. अभिलेख ३ संख्या ।

८७. नरहरिनाथ, पूर्वोक्त, टिप्पणी १३, पृ. ६५८ ।

८८. राणाकालमा वागलुङ्वजारदेखि ६ कोस जति टाढा दक्षिणमा पर्ने ठेउला खोलामा सुन खानीको खोजी गर्दा ३४ तोला जति सुन निकालियो । तर सुन खोजी गर्दा गएको खर्च सुनको मूल्य भन्दा वढी हुँदा वीचैमा यो कार्यक्रम नै स्थगित गरियो भन्ने स्थानीय वुढापाका भन्दछन् ।

८९. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी १०, पृ. १ ।

९०. अभिलेख १, ७ संख्या ।

६१. स्वामी भास्करानन्द, 'वेनीवजार र पार्श्ववर्तीका केही ऐतिहासिक स्थलहरू', नव प्रकाश (२०२०), पृ. ७ ।

६२. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी १०, पृ. ७९-८० ।

६३. श्रेष्ठ, पूर्वोक्त, टिप्पणी ८ ।

६४. अभिलेख ७ संख्या ।

६५. हीरवहादुर विष्ट, 'तेड०वोजे गुम्बा', रूपरेखा- ६।१२ (वैशाख, २०२३), पृ. १८५ ।

६६. फुरर्-हैमण्डर्फ, ए ननरी इन् नेपाल', कैलाश- ४।२ (इ.सं. १९७६), पृ. १३४ ।

६७. उही, प. १४८ ।

६८. अभिलेख १२ संख्या ।